ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २९८
१६ जेठ २०८० शनिबार
1 Jul. 2023, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# गुठीको जग्गामा भूमाफियाको रजाइँ

## एउटै जग्गामा दोहोरो दाबी : कोही भवन बनाउँदै, कोही भत्काउँदै

**दिपक कर्ण**

**असार १५ गते, जनकपुर**

नकपुरधाममा गुठीको जग्गामा घर निर्माण गर्न तँछाडछाड भइरहेको पाइएको छ । जनकपुरधाम उपमहानगरपालिका-२३ धनेश्नर नगरमा रामजानकी दुल्हा दुल्हिन मन्दिरको नाममा रहेको सात बिघाभन्दा बढी जग्गामा अवैधानिक रूपमा भवन निर्माण भइरहेको क्रम अझै रोकिएको छैन ।

भूमाफियाहरुको आर्थिक चलखेल गर्दै सबैजसो जग्गामा व्यक्तिले कब्जा जमाइसकेका छन् । स-साना झुपडीदेखि ठूलठुला भवनसम्म निर्माण हुने क्रम दिनहुँ जारी रहेको देखिन्छ । यस विषयमा सरोकारवाला सबै निकाय अहिलेसम्म मौन देखिएका छन् ।

यसै बीच, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-६ बस्ने शिवशंकर नागवंशीले मन्दिरका महन्थ धनेश्वर दाससँग आफूले ०३२ सालमा नै मनखपमा खरिद गरेको कित्ता नम्बर ३०९ को ७ बिघा १ कट्ठा १० धुर जग्गा मध्येको १० धुर जग्गामाथि धनुषाको सबैला नगरपालिका वडा नम्बर-७ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३ बिन्धी धनेश्वर नगर बस्ने नवल साहले जबर्जस्ती कब्जा जमाएर घर निर्माण गर्न लागेको आरोप लगाएका छन् ।

रामजानकी दुल्हा भगवान मन्दिरको नाममा रहेको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३ को कित्ता नम्बर-३०९ को ७ बिघा १ कट्ठा १० धुर जग्गामध्ये १० धुर जग्गा स्व. महन्थ धनेश्वर दाससँग खरिद गरी आफूले भोग चलन गर्दै आएको र कुत बुझाउँदै आएकाले कुनै विवाद नरहेको नागवंशीको दाबी छ ।

तर, नवलले अहिले आएर भूमाफियासँगको संलग्नतामा बलजफ्ती आफ्नो जग्गामा विनानक्सा गैरकानुनी ढंगबाट घर निर्माण गरिरहेको शिवशंकर नागवंशीका छोरा मुन्ना नागवंशीले बताए । आफ्नो जग्गामा नवलले निर्माण गर्न लागेकाले निर्माण कार्य रोक्का गरी उनलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३९ बमोजिम कारबाहीको माग गरेका छन् ।

उनले यस जग्गामा अवैध घर निर्माण गर्न/गराउन सबै संयन्त्र परिचालन गरिएको र यसमा भूमाफियादेखि स्थानीय प्रहरी प्रशासन आर्थिक लेनदेनमा परेको दाबीसमेत गरेका छन् ।

हाल विवादित रहेको सो जग्गामा घर निर्माण नगर्न गुठी संस्थान र जनकपुरधाम उपमहानगर पालिकाले आग्रह गरे पनि नवलले कसैको कुरा नसुनी एकतर्फी रुपले मनोमानी घर निर्माण गरिरहेको मुन्नाको भनाइ छ । घर निर्माणको विषयमा उजुरी गरेपछि संस्थानले दुवै पक्षलाई बोलाएर तत्काल घर निर्माण नगर्न भनेको थियो ।

गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्दप्रसाद कर्माचार्यले गुठी संस्थानमातहतको सो तैनाथी जग्गामा व्यक्तिले निजी संरचना निर्माण गरे त्यसलाई भत्काउने प्रतिबद्धता जनाएका छन् । गुठी अधिनस्थ जग्गा व्यक्तिको हुन नसक्ने भन्दै उनले अवैध निर्माण कार्यलाई रोक्नतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने बताए । सो जग्गालाई गुठीमातहतमा ल्याउने उनको प्रतिबद्धता छ ।

स्थानीय जिरोमाइल प्रहरी चौकीका इन्चार्ज चन्दन सिंहले भने त्यहाँ निर्माण कार्य नभइरहेको दाबी गरे । तर, त्यहाँ घर निर्माणको काम अझै रोकिएको छैन । बुधबार दिउँसो सञ्चारकर्मीको टोली त्यहाँ पुग्दा निर्माण कार्य भइरहेको पाइएको थियो ।

यस सम्बन्धमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले सो जग्गाको मोहियानी प्रमाणपत्र जोसँग छ उसको हुने बताए । तर, कुत बुझाएको दाबी गर्दै आएका शिवशंकर नागवंशीले सोही बेला नै महन्थसँग जग्गाको मोहियानी प्रमाणपत्र नबनाएको भए सो जग्गा गुठी मातहतमा ल्याउनुपर्ने जिकिर गरे ।

जनकपुरधामभित्र गुठीका जग्गामा अवैध संरचना निर्माण भइरहेकोमा चिन्ता व्यक्त गर्दै मेयर साहले रत्नसागर मठ र रामजानकी दुल्हा दुल्हिन मन्दिरको आसपासमा निर्माण भएका अवैध संरचना भत्काउन कठिन रहे पनि नयाँ संरचना निर्माण हुन नदिन सबै सचेत हुनुपर्ने बताए । यो आमनागरिकको दायित्व पनि रहेको उनको भनाइ छ ।

नगरभित्र पार्किङस्थल निर्माण गर्न उपमहानगरले गुठीसँग हारगुहार गर्नुपर्ने अवस्था रहेको औंल्याउँदै उनले यसकारण सो जग्गाको स्वामित्व गुठी नै भएको बताए । उनले भने, 'यसमा गुठी नै बढी चनाखो हुनुपर्दछ । हामीले त्यसका



लागि सहयोग मात्र गरिदिने हो ।'

उनले गुठी मातहतको जग्गामा यदि कुनै व्यक्तिले नयाँ संरचना निर्माण गरिरहेका छन् भने उपमहानगरलाई जानकारी दिन आग्रहसमेत गरेका छन् । उपमहानरले त्यस्ता अवैध निर्माणलाई तुरुन्त भत्काउने उनको प्रतिबद्धता छ ।

नगर प्रमुख साहले यस्तो प्रतिबद्धता जनाइरहँदा जनकपुरधाममा गुठीमातहतका सयौँ जग्गामा अहिले पनि रातारात निर्माण कार्य भइरहेको देखिन्छ । धनेश्वर नगरमै अहिले पनि दर्जनौँ नयाँ घर निर्माण भइरहेका छन् ।

### अतिक्रमणमा महन्थ र पुजारीको संलग्नता

जनकपुरधामस्थित अधिकांश मठ मन्दिरका जग्गा महन्थ र पुजारीको संलग्नतामा बिक्री तथा अतिक्रमण गरिएको पाइएको छ । गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले जनाएअनुसार ३० बिघा जग्गा अतिक्रमण भएको छ । त्यसको मूल्य अर्बौं रुपैयाँ हुन आउँछ । मन्दिर र पोखरीको सहर मानिने जनकपुरधाममा मन्दिर वरिपरि अतिक्रमण गरेर बनाइएका ठुल्ठूला पक्की घर छन् । तिनले मन्दिरको सौन्दर्य पनि छेकेका छन् ।

यसले गर्दा यहाँका पोखरी, जग्गा, पाटीपौवा र देवालय संकटमा परेका छन् । मठमन्दिरको सयौँ बिघा जग्गा बेचिएपछि कति मन्दिर लोप भइसकेका छन् भने भगवानका मूर्तिसमेत बेचिएका छन् । गुठीकै जग्गामा बसेको जनकपुरधाम गुठीलाई आफ्नै जग्गा जोगाउन समेत धौधौ परेको छ ।

गुठी संस्थान शाखा कार्यालय जनकपुरधाममा भएको तथ्यांकअनुसार साविकमा धनुषा जिल्लाका विभिन्न मठमन्दिरको पाँच हजार आठ सय ३५ बिघा १० कट्ठा १९ धुर जग्गा थियो । ०२१ सालमा भएको पहिलो नापीमा जग्गा तीन प्रकारले विभाजित गरिए । त्यसअनुसार जिल्लाभरि अधीनस्थ, तैनाथी र रैतान नम्बरी जग्गा गरी जम्मा ६ हजार १२९ बिघा २ कट्ठा १० धुर २ कनमा छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले गुठी, कुट्टी, मठमन्दिर, मस्जिद, पोखरीलगायत सार्वजनिक जग्गा/स्मारकको विवरण पठाउन मालपोत, नापी र गुठी संस्थान कार्यालय तथा यहाँका १८ वटै स्थानीय तहलाई पत्राचार गरेको वर्षौं बितिसकेको छ । गुठी अधीनस्थ भनेको साविकदेखि नै मोहीमा लागेको जग्गा हो भने, तैनाथी जग्गा गुठी संस्थानकै कार्यालयको स्वामित्वमा पर्छ । रैतानी नम्बरी भनेको जग्गा धनीकै व्यक्ति विशेष भएको जग्गालाई भनिन्छ ।

गुठीकै तथ्यांकलाई आधार मान्ने हो भने साविकमा रहेका जग्गा नापीमा झण्डै २९४ बिघाभन्दा बढी बढेको छ । ०४४ देखि ०५१ सालभन्दा पहिले मठमन्दिरबाट मनखपमा प्राप्त गरेको जग्गामा घर बनाई बसेको र सहरी नापीको नक्सामा पनि पक्की वा फुसको घर देखिएका लागि गुठी संस्था ऐन २०३३ को संशोधनसहितको दफा २५(३) मा ०४६ साल चैत २६ गतेभन्दा पूर्व गुठीको जग्गामा घर बनाई बसेका व्यक्तिलाई सो जग्गा रेकर्डमा परिणत गर्ने प्रावधान रहेको अनुसार लालपुर्जा दिइएको थियो ।

यस ऐनबमोजिम जिल्लाका गुठी जग्गामध्ये तीन हजार ६७३ बिघा १० कट्ठा ४ धुर २ कनमा व्यक्तिको नाममा रैतान नम्बरी भयो । जिल्लामा रहेका मठ मन्दिरको दुई हजार चार सय ५६ बिघाभन्दा बढी जग्गाको संरक्षण गुठी संस्थान र स्थानीय प्रशासनले गर्नुपर्ने दायित्व छ । तर, संस्थानका कर्मचारी, मठ मन्दिरका पुजारी तथा महन्थ, प्रशासन, सुरक्षाकर्मी र राजनीतिक दलका नेता तथा भूमाफियाको संलग्नतामा जिल्लाभरिमा अर्बौं मूल्यका सयौं बिघा जग्गा गायव भइसकेका छन् । गुठी संस्थान शाखा कार्यालय जनकपुरधामका अनुसार हालसम्म ३० बिघा सात कट्ठा १८ धुर जग्गा अतिक्रमण भएको छ ।

तर, मन्दिरपिच्छे ठहरिएका बस्ती, लाग्ने गरेको बजार, बस पार्क, राजनीतिक दलदेखि विभिन्न संघसंस्थाका कार्यालयले मनमौजी जग्गा हडपेका र किनबेच समेत गरिरहेका छन् ।

पुरातात्विक सम्पदा, मठमन्दिर, सार्वजनिक सम्पत्ति, धार्मिकस्थलको संरक्षण गर्ने जिम्मा सबैको रहेको देखिएको छ । गुठीको जग्गा अतिक्रमण गरेर अहिले यहाँ ठुल्ठूला पक्की संरचना बनिसकेका छन् भने अतिक्रमणले गुठीको जग्गा त घट्यो-घट्यो, मठमन्दिरहरुको अस्तित्वमाथि समेत प्रश्नचिह्न उठेको छ ।

संस्थानले नियुक्त गरेका मठमन्दिरका महन्थ, पुजारी नै जग्गा खरिदबिक्रीमा लागेका छन् । गुठी संस्थानको जग्गाको हकमा रक्षक नै भक्षक भएको देखिन्छ । सांस्कृतिक सम्पदाको संरक्षणका लागि काम गर्दै आएका जनकपुरधामका स्थानीय युवा भरत साह भन्छन्, 'यहाँ माफियाको राज छ । मन्दिरदेखि संस्थासम्म सबैमा ब्रह्मलुट मच्चिएको छ । राजनीतिक खोल ओढेर मठमन्दिरको जग्गा भूमाफियाले अपचलन गरेको साहले बताए ।

राजदेवी मठको २७ बिघा नौ धुर जग्गामध्ये नौ बिघा नौ धुर जग्गा अतिक्रमण भइसकेको छ । पाँच वर्षअघि गिरी महन्थको जिम्मेवारीमा आएपछि उनले जग्गा खोज्न थालेका छन् । पहिलाका पुजारी र स्थानीय राजनीतिक दलका नेताले मठको जग्गा अतिक्रमण गराएपछि अहिले बस्ती नै बसेको छ ।

### गुठीका जग्गा ठेक्कामा

जनकपुरधामका गुठी अधिनस्थ अधिकांश जग्गा ठेक्कामा लगाइएको छ । एकातर्फ जिल्लाभरिमा अर्बौं मूल्यका सयौं बिघा जग्गा गायब भइसकेका छन् भने अर्कोतर्फ हालसम्म ३० बिघा सात कट्ठा १८ धुर जग्गा अतिक्रमण भइसकेका छन् । त्यस्तै, अधिकांश जग्गा ठेक्कामा समेत लगाइएको देखिन्छ । जसको कुनै लेखाजोखा नै छैन ।

जनकपुरधाम-२३ बेलाकुट्टीस्थित रामजानकी दुल्हा दुल्हिन भगवान मन्दिरको कित्ता नम्बर ३०९ मध्ये १ बिघा ११ कट्ठा १० धुर जग्गा पाँच वर्षका लागि विश्व भारती फाउण्डेसन, सोही कित्तामध्येबाट पाँच बिघा १० कट्ठा ३८ वर्षका लागि गजेन्द्र नारायण स्मृति प्रतिष्ठान र चार बिघा जनकपुर अञ्चल बस व्यवसायी संघलाई ०८० पुस मसान्तसम्मका लागि ठेक्कामा दिइएको देखिन्छ ।

त्यस्तै, जानकी मन्दिर अधिनस्थ रहेको जनकपुरधाम-१८ स्थित भोयल मठको जग्गाबाट ३२ बिग्हा १० कट्ठा १६ धुर २० वर्षका लागि जनकपुरधाम उपमहानगर पालिकाले, जनकपुरधाम-३ स्थित लक्ष्मण मन्दिरको वडा नम्बर-१४ स्थित विभिन्न कित्ताको क्षेत्रफलबाट १६ बिग्हा १७ कट्ठा १९ धुर १ कनमा ३० वर्षका लागि राष्ट्रिय खेलकुद परिषद्ले, राम मन्दिर अधिनस्थ जनकपुरधाम-४ स्थित कित्ता नम्बर ३६ को पाँच कट्ठा तीन धुरमध्ये १० धुर २५ वर्षका लागि नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति धनुषाले, रत्नसागर गुठीको जनकपुरधाम-१४ स्थित विभिन्न कित्ता नम्बरको १६ बिघा १७ कट्ठा १९ धुर ४९ वर्षका लागि मणिपाल एजुकेसन मेडिकल ग्रुपले ठेक्कामा लिएको देखिन्छ ।

राम मन्दिर गुठीको जनकपुरधाम-४ स्थित कित्ता नम्बर १ मध्ये दक्षिणतर्फबाट दुई कट्ठा पाँच धुर १० वर्षका लागि मिथिला नाट्यकला परिषद्लाई, राम मन्दिर गुठीको जनकपुरधाम-४ स्थित कित्ता नम्बर ४११ मध्येबाट ४ कट्ठा १९ धुर ४ कनमा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई, राम मन्दिर गुठीको जनकपुरधाम-८ स्थित कित्ता नम्बर ४९ को १३ कट्ठा १२ धुर २ कनमा जग्गाबाट ४ कट्ठा रामनारायण मिश्र चिन्तन प्रतिष्ठानलाई, बसही कुट्टीको जनकपुरधाम-८ स्थित कित्ता नम्बर तीन सय १८ मध्येबाट ६ बिघा ३ कट्ठा १५ धुर जनक हजारी विद्यापीठलाई, राम मन्दिरको जनकपुरधाम-४ स्थित

*बाँकी पृष्ठ ४ मा*

# आदिपुरुष मात्रै होइन नेपालमा धर्मेन्द्रदेखि ऋतिकका फिल्मले पनि निम्त्याइसकेको छ बबाल

बलिउड फिल्म आदिपुरुषको एक विवादित डायलगले अघिल्लो हप्ता नेपालमा हलचल मच्चायो। यो फिल्म विश्वभरी निकै धूमधामका साथ रिलिज गरिएको थियो र यसलाई ठुलो राशि खर्च गरेर बनाइएको थियो भनिएको थियो। तर यो रिलिज हुनु अगावै भारतका साथसाथै नेपालमा पनि विवादित बन्यो।

यद्यपी, नेपालमा हिन्दी फिल्मसँग सम्बन्धित यो पहिलो विवाद भने होइन। धर्मेन्द्र, अक्षय कुमार, माधुरी दीक्षितजस्ता चर्चित भारतीय कलाकारका फिल्मलाई लिएर नेपालमा विगतमा पनि यस्ता विवादित घटना भइसकेका छन् र उनीहरूको चौतर्फी आलोचना पनि भयो।

सन् २००० मा बलिउड अभिनेता ऋतिक रोशनसँग सम्बन्धित मुद्दाले एउटा ठुलो 'आन्दोलन'को रूप लिएको थियो। काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह 'बालेन' ले फिल्म 'आदिपुरुष' को विवादास्पद संवाद नहटाएसम्म काठमाडौँका कुनै पनि सिनेमा हलमा हिन्दी फिल्म प्रदर्शन गर्न नदिने घोषणा गरे।

त्यस लगत्तै नेपालको दोस्रो ठुलो सहर पोखरा नगरपालिकाले पनि यस्तै प्रतिबन्धको घोषणा गर्‍यो। धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले पनि आफ्नो इलाकामा आदिपुरुषको स्क्रिनिङ निषेध गरिएको घोषणा गरे।

देशका केही ठुला सहरमा चलचित्र प्रतिबन्ध भए पनि यसको प्रभाव देशभर परेको छ। फिल्मबाट 'जानकी भारतकी बेटी हे' भन्ने आपत्तिजनक डायलगलाई हटाउन माग गरिएको छ र डायलगलाई सच्याउन तीन दिनको समय दिइएको थियो।

आदिपुरुषमा बताइएका डायलगका लागि नेपालमा विभिन्न धारणा छन्। फिल्ममा त्यस्तो ठ्याक्कै भनिएको छैन भनेर विवरण पनि सार्वजनिक गरिएको छ।

विवादका बीच सबै भारतीय चलचित्र हलमा प्रदर्शनमा प्रतिबन्ध लगाइएपछि सरोकारवालाहरू अदालत पुगे।

गत हप्ता दायर भएको मुद्दाको सुनुवाइ गर्दै उच्च अदालत पाटनले भारतीय चलचित्र प्रदर्शनलाई निरन्तरता दिन अल्पकालीन अन्तरिम आदेश दियो।

त्यसयता विक्की कौशल र सारा अली खान अभिनीत बलिउड फिल्म 'जरा हटके जरा बचके' पुनः हलमा रिलिज भएको छ।

तर अदालतको आदेशपछि पनि आदिपुरुषको अवस्थामा कुनै परिवर्तन आएको छैन।

फिल्मका वितरक मनोज राठीका अनुसार फिल्म आदिपुरुषले विगतमा ऋतिक रोशनको विवादका तीतो सम्झना ताजा बनाइदिएको छ।

उनका अनुसार ऋतिक रोशन काण्ड भएका केही महिनासम्म दर्शक थिएटरमा गएनन्।

नेपालमा भारतीय फिल्मको विषयमा विभिन्न विवाद निम्तिसकेका छन्। यी विवादमध्ये केही सामान्य रूपमा समाधान भए भने केही विवादले सर्वसाधारणको ज्यान समेत लियो।

**नेपालमा धर्मेन्द्रलाई लिएर विवाद**

भारतीय चलचित्र वा कलाकारलाई लिएर नेपालमा धेरै विवादहरू उठेका छन्। ७० को दशकमा भारतमा धेरै नाम कमाएका अभिनेता धर्मेन्द्र पनि यस्तै विवादमा फसेका थिए।

विज्ञहरुका अनुसार विवाद यति ठुलो बनेको थियो कि चलचित्र 'चिराग' पछि अभिनेता धर्मेन्द्रका सबै चलचित्र लामो समयसम्म नेपालमा प्रदर्शन हुन सकेनन्।

भारतीय फिल्मका लागि एउटा राम्रो बजार, नेपालमा प्रदर्शन रोकिएपछि निर्माताले धर्मेन्द्रलाई आफ्नो पारिश्रमिक कम गर्न बाध्य पारेका थिए भन्ने पनि गरिन्छ।

**धर्मेन्द्रको विषयमा किन भयो विवाद ?**

लेखक तथा फिल्म निर्माता प्रकाश सायमीका अनुसार विवादको सुरुवात सन् १९७० को दशकमा भारतको उदयपुरमा पढ्न गएका नेपाली विद्यार्थीसँग सम्बन्धित छ। हिन्दी फिल्मको सुटिङका क्रममा फिल्मको टोली र नेपाली विद्यार्थीबीच झगडा भएको बताइन्छ।

विवाद चर्किएपछि दुवै पक्ष हातपातमा उत्रिए। त्यति बेला घटनामा संलग्न नभएका नेपाली विद्यार्थीमाथि पनि हमला भएको थियो।

सायमीका अनुसार जवाफमा नेपाली विद्यार्थीले फिल्मका सदस्य बसेका होटेलमा हमला गरे।

यो राज खोसलाद्वारा निर्मित फिल्म 'मेरा गांव मेरा देश' को कुरा हो। फिल्ममा धर्मेन्द्र, विनोद खन्ना र आशा पारेखजस्ता कलाकार थिए।

सायमी भन्छन्, 'नेपालका विद्यार्थीले होटेल (जहाँ भारतीय अभिनेता बसेका थिए) मा हमला गरे र त्यसलाई आगो लगाइदिने धम्की दिए। त्यसपछि धर्मेन्द्र, विनोद खन्ना र कबिर बेदी विद्यार्थी बसिरहेका होटेलमा पुगेर माफी मागे।'

त्यति बेला भारतमा अध्ययनरत विद्यार्थीहरूको सङ्गठन नेपाल विद्यार्थी सङ्घले धर्मेन्द्रले नेपाली विद्यार्थीमाथि गरेको दुर्व्यवहारबारे जानकारी गराउँदै आफ्नो देशमा पत्र पठाएपछि धर्मेन्द्रको फिल्म नेपालमा अघोषित रूपमा बहिष्कार गर्न थालिएको सायमीले जानकारी दिए।



यो घटनाअघि धर्मेन्द्रका केही फिल्म नेपालमा रिलिज भएका थिए। तर, त्यसपछि उनको फिल्म लामो समयसम्म नेपालमा रिलिज हुन सकेन। सोले, धर्मवीर जस्ता चर्चित फिल्म नेपालमा रिलिज हुन नसक्नुको कारण यही हो।

सायमी भन्छन्, 'धर्मेन्द्रको फिल्मप्रतिको उत्साहका बाबजुद पनि त्यति बेलाका स्क्रिनिङ कमिटी र अधिकारीले धर्मेन्द्रका फिल्मलाई स्वीकृत गर्न सकेनन्।'

नेपालमा भारतीय फिल्मका जानकार विकास रौनियारका अनुसार नेपाली दर्शक सो फिल्म हेर्नका लागि रक्सौलसहित नेपाल-भारत सीमा नजिकैका सहरसम्म बस चढेर जान्थे।

धर्मेन्द्रले तत्कालीन राजकुमार धीरेन्द्र वीर विक्रम शाहको अपमान गरेका कारण उनको फिल्म नेपालमा रिलिज नभएको हल्ला पनि थियो।

**नेपालले हेमा मालिनीलाई बेवास्ता गर्‍यो**

नेपालमा धर्मेन्द्रसँग जोडिएको अर्को मुद्दा पनि विवादमा छ। अभिनेत्री नन्दाले चलचित्रको छायाङ्कनका क्रममा स्थानीय महिलासँग दुर्व्यवहार गरेको भन्दै दार्जिलिङमा उनको चलचित्र बहिष्कार गरिएको थियो।

दार्जिलिङमा अध्ययनरत नेपाली विद्यार्थीले पनि नन्दाको फिल्म बहिष्कार गर्ने निर्णय गरेको र त्यसको प्रभाव नेपालमा पनि देखिएको सायमीले बताए।

त्यतिबेला नन्दा अभिनीत चलचित्र शोर रिलिज हुन लागेको थियो। तर विवादका कारण यो फिल्म नेपालमा रिलिज भएन।

सायमीले भने, 'त्यसपछि धर्मेन्द्र र नन्दा दुवैका फिल्मलाई नेपालमा प्रतिबन्ध लगाइयो।'

यो घटनाको लामो समयपछि धर्मेन्द्रकी पत्नी अभिनेत्री हेमा मालिनी नेपाल आउँदा उनले एक कार्यक्रममा 'धर्मेन्द्रले कुनै गल्ती नगरेको' बताएकी थिइन्। कार्यक्रममा उनले नेपाली जनतासँग माफी समेत मागेको बताइन्छ। तर समयसँगै धर्मेन्द्रको विवाद कम हुँदै गयो।

अघोषित रूपमा उनको फिल्म सिनेमा घरमा चल्न थाले। जसरी अघोषित रूपमा फिल्म प्रतिबन्ध भयो, त्यसरी नै प्रतिबन्ध हटाइयो।

यसको सुरुवात सन् १९८१ मा रिलिज भएको फिल्म 'खुदा कसम' मा उनको सानो भूमिकाबाट भयो र त्यसपछि 'नसिब' नेपालमा रिलिज भयो।

बिस्तारै काठमाडौँलगायत धेरै सहरमा सिनेमा हेर्ने तरिका पनि परिवर्तन हुन थाल्यो। भिडियो पार्लरहरू खुले र क्यासेटहरू प्रचलनमा आए।

ती पार्लरहरूमा धर्मेन्द्रका फिल्म पनि देखाइने गरेको सायमीलाई याद छ।

७० को दशकमा 'क्रान्ति' नामक एक भारतीय चलचित्रको प्रदर्शनलाई पनि नेपालमा प्रतिबन्ध लगाइएको विज्ञहरू बताउँछन्।

दिलीप कुमार, मनोज कुमार, शशि कपुर, शत्रुघ्न सिन्हा, विनोद खन्ना, हेमा मालिनी र परवीन बाबी अभिनीत फिल्म अदालतको हस्तक्षेपका कारण रिलिज हुन नसकेको बताइएको छ।

क्रान्ति चलचित्र नेपालमा रिलिज भएको खबर फैलिने बित्तिकै राज दरबारले चलचित्र प्रदर्शनमा रोक लगाएको सायमीको जानकारी छ।

**ऋतिक रोशन काण्ड जसमा केहीले ज्यान गुमाएका थिए**

सन् २००० मा अभिनेता ऋतिक रोशनले भारतीय सिनेमामा डेब्यू गरेका थिए। पहिलो फिल्म 'कहो ना प्यार है' को सफलता त्यति बेलाका भारतीय पत्रपत्रिकामा प्रस्ट देख्न सकिन्छ।

चर्चित अखबारले ऋतिक रोशनले त्यस समयका सबैभन्दा सफल अभिनेता शाहरुख खानको 'स्टारडम' लाई पछि पारेको भनेर समेत लेखे।

ऋतिक नेपालका साथै अन्य भारतीय फिल्म बजारमा रातारात एक स्थापित नाम बने।

'कहो ना प्यार हे' नेपालमा सबैभन्दा सफल भारतीय फिल्ममध्ये एक हो।

सन् २००० को जनवरीमा अचानक उदय भएका ऋतिकका लागि वर्षको अन्त्य त्यति सुखद रहेन।

दर्यौथिधययमछउनी एक विवादमा फसे जुन सम्भवतः नेपालमा कुनै पनि फिल्म अभिनेताको लागि सबैभन्दा खराब घटना साबित भयो।

सन् २००० को डिसेम्बर महिनामा घटित यो घटना अहिले पनि धेरैको मनमा ताजा छ। डिसेम्बर २४ मा चितवनबाट प्रकाशित एउटा पत्रिकाले ऋतिकको बारेमा समाचार छाप्यो।

चितवन पोस्टको समाचारले ऋतिकले एक अन्तरवार्ताका क्रममा आफूलाई नेपाल र नेपाली जनता मन नपर्ने बताएको दाबी गर्‍यो।

सायमी भन्छन्, 'त्यो खबरले सुरुमा जनतामा खासै आक्रोश पैदा गरेको थिएन। उनीहरुले उक्त खबरलाई फोटोकपी गरेर काठमाडौँ पठाए। त्यसपछि यहाँको एक एफएम स्टेसनले यो खबरलाई प्रसारण गर्‍यो।'

अनि त सडकमा यसको प्रतिक्रिया देखिन सुरु भइहाल्यो। सबैभन्दा पहिले काठमाडौंको भोटाहिटीमा पोस्टर पसलमा आगजनी भयो।

भारतीय चलचित्र प्रतिबन्ध लगाइयो, भारतीय च्यानलहरू बन्द भए र रेडियोमा भारतीय सङ्गीत बजाउन बन्द गरियो।

घटनाको खबर निकै छिटो फैलिन थाल्यो। मल्लिका शाक्यले 'पोलिटिकल चेन्ज एन्ड पब्लिक कल्चर इन पोस्ट नाइन्टी नाइन्टी नेपाल' नामक पुस्तकमा लेख लेख्दै यस विषयमा विस्तृत चर्चा गरेकी छिन्।

पुस्तकमा उनले लेखेका च्याप्टरमा ऋतिक रोशनका घटनामा ५ जनाको मृत्यु भएको र एक हजारभन्दा बढी घाइते भएको उल्लेख छ।

काठमाडौंको लाजिम्पाटस्थित भारतीय दूतावासमा ज्ञापन पत्र बुझाउन निस्किएको जुलुसमा प्रहरीले गोली चलाउँदा आन्दोलनले उग्र रूप लियो।

गोली लागेर घरमा खेल्दै गरेकी एक बालिकाको मृत्यु भयो।

यो घटना ऋतिक रोशनको अभिव्यक्तिको सट्टा नेपाल-भारत सम्बन्धका विभिन्न आयामहरूमा केन्द्रित हुन थाल्यो।

नेपाल-भारत सीमामा मधेसीसँग भारतीय नागरिकको रूपमा दुर्व्यवहार गरिएको घटना बाहिरियो।

तराईका बासिन्दाले काठमाडौंको सडकमा असुरक्षित महसुस गरेको कयौँ घटनाहरू सार्वजनिक भए।

रौनियार भन्छन्, 'ओटुमा मेरा आफन्तको पसलमा पनि ढुङ्गा हानिएको थियो। मधेसी अनुहार र कालो रङ्ग भएका व्यक्तिमाथि आक्रमण गरियो।'

स्थिति यति बिग्रियो कि तत्कालीन भारतीय प्रधानमन्त्रीले आफ्ना नेपाली समकक्षीसँग टेलिफोन वार्ता गरेर भारतका नागरिकको सुरक्षाप्रति चिन्ता व्यक्त गरे।

देशका ठुला सहर र खास गरी काठमाडौँमा हिंसात्मक आन्दोलनको कारण के थियो ?

एक भारतीय च्यानललाई दिएको अन्तरवार्तामा ऋतिकले आफूलाई नेपाल र नेपाली जनता मन नपर्ने बताएका छन्।

**के साँच्चै ऋतिकले यसो भनेका थिए ?**

जवाफ अझै स्पष्ट छैन। पछि ऋतिकले आफूले त्यस्तो नभनेको स्पष्ट पार्दै आफूले नेपाल र नेपालीलाई भारत र भारतीयलाई जत्तिकै माया गर्ने बताए।

यो घटनालाई नेपालमा गलत सूचनाको उदाहरणका रूपमा हेरियो।

सायमीका अनुसार 'रेन्डेभु विथ सिमी ग्रेवाल' नामको अन्तर्वार्ताबाट एपिसोडको सुरुवात हुन्छ।

सायमी भन्छन्, 'विवाह भएको केही समयपछि ऋतिकले अन्तरवार्ता दिएका थिए। जसमा उनलाई सोधिएको थियो कि तपाईं हनिमुनका लागि कुन देश जानुहुन्छ ? जवाफका लागि तीन वटा विकल्प पनि दिइएको थियो। जस अनुसार ऋतिकले स्विट्जरल्याण्ड, नेपाल र अस्ट्रेलिया वा अस्ट्रियाबाट एउटा देश रोज्नुपर्ने थियो।'

उनले (ऋतिक) भने, 'म तल दिइएका दुई देश चिन्नका लागि स्विट्जरल्याण्ड जान्छु।'

यसपछि ऋतिकलाई नेपाल मन पर्दैन भन्ने खबर आए र बिस्तारै यसले गम्भीर रूप लियो।

दिल्लीस्थित साउथ एसियन युनिभर्सिटीका सहायक प्राध्यापक शाक्यले 'पोलिटिकल चेन्ज एन्ड पब्लिक कल्चर इन पोस्ट नाइन्टिन नाइन्टी नेपाल' नामक पुस्तकमा ऋतिकले नेपालको विरुद्धमा के भने, कसलाई, कुन सन्दर्भमा भने, भन्नेबारे कसैलाई थाहा नभएको बताए।

विज्ञलाई विश्वास गर्ने हो भने नेपाल टेलिभिजनमा ऋतिक रोशनको एक बयान प्रसारण भएपछि मात्रै कुरा मिल्न थाल्यो।

ऋतिकको कथालाई नेपाली जनतामाझ पुर्याउन अभिनेत्री मनीषा कोइरालाको पनि महत्त्वपूर्ण भूमिका निभाइन्।

**जब अनिल कपुर विवादमा परे**

डेभिड धवन निर्देशित फिल्म 'घरवाली बहरवाली' पनि नेपालको विवादित चलचित्र मध्येको एक हो। नेपालबारे गलत सन्देश दिएको विवादपछि चलचित्र प्रतिबन्धित भएको थियो।

फिल्मको केही भाग नेपालमा छायाङ्कन गरिएको छ। त्यही क्रममा अर्को भारतीय फिल्म 'बनारसी बाबु' पनि सुटिङ भयो।

बनारसी बाबुमा गोविन्दा र राम्या कृष्णनले अभिनय गरेका थिए भने 'घरवाली बहरवाली' मा अनिल कपूर, रविना टण्डन र रम्भाले अभिनय गरेका थिए। सायमीका अनुसार घरवाली बाहरवालीमा केही 'अनौठा' दृश्य थिए जसले 'नेपालीहरूलाई बदनाम गर्छ।'

रौनियारले चलचित्रमा नेपालीको चित्रणलाई लिएर पनि विवाद भएको बताउँछन्।-एजेन्सी

# मधेस प्रदेशमा ८ प्रतिशत धान रोपाइँ

**खबर दर्पण समाचारदाता**

**असार १५ गते, महेन्द्रनगर**

प्रत्येक झैं यस वर्ष पनि असार १५ गते राष्ट्रिय धान दिवस मनाइएको छ । यसवर्ष 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ २०औँ धान दिवस मनाइँएको छ। देशको कुल ग्राहस्थ उत्पादनमा धानको उल्लेखनीय भूमिका रहेको छ ।



नेपालमा हुने कुल धान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मधेस प्रदेशमा हुँदै आएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकमा उल्लेख गरि एको छ ।

खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा वरिष्ठ कृषि प्रसार अधिकृत रोशन कुमार मेहताको अनुसार यस प्रदेशमा अहिलेसम्म चैते र बर्षे दुबै मिलाएर १४ लाख ७३ हजार ६ सय ३ मेट्रिक टन धान उत्पादन भएको छ।

यस लामो समय देखि वर्षा नभएको हुँदा अहिलेसम्म करिब ८ प्रतिशत मात्र धान रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ। निर्देशनालयको अनुसार प्रदेशमा ४ लाख १ हजार ९१६ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । प्रदेशमा ४ लाख १२ हजार १९१ हेक्टर खेतीयोग्य जग्गा रहेको छ ।

मन्त्रालयका अनुसार प्रदेशमा बारा जिल्लामा सबैभन्दा बढि धान उत्पादन भएको छ । कुल ५८ हजार २११ हेक्टर खेतीयोग्य जग्गामध्ये यस जिल्लामा २ लाख ३७ हजार ६९० मेट्रिक टन धान उत्पादन भएको हो। त्यहाँ प्रतिहेक्टर ४.०८ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको हो । यस्तै पर्सा जिल्लामा कुल ४७ हजार ५० हेक्टर खेतीयोग्य जग्गामा कुल २ लाख २८ हजार ५६० मेट्रिक टन धान उत्पादन भएको छ ।पर्सामा प्रतिहेक्टर ४.८६ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

सप्तरीमा ६३ हजार हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामा धान रोपाइँ गरि एकोमा १ लाख ८९ हजार ३ सय मेट्रिक टन धान उत्पादन भएको बताइएको छ । त्यस जिल्लामा प्रतिहेक्टर ३ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको छ ।सर्लाहीको ४६ हजार ३५० हेक्टर खेतीयोग्य जग्गामा प्रतिहेक्टर ३.९९ प्रतिशत मेट्रिक टनको हिसाबले कुल १ लाख ८४ हजार ८७६ मेट्रिक टन धान उत्पादन भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । धनुषामा ५९ हजार हेक्टर खेतीयोग्य जग्गामा धान रोपाइँ गरि एकोमा प्रतिहेक्टर ३.०१ प्रतिशतको हिसाबले कुल १ लाख ७७ हजार ३३० मेट्रिक टन धान उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, महोत्तरीमा ४५ हजार ८३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरि एकोमा प्रतिहेक्टर ३.५९ प्रतिशतको हिसाबले कुल १ लाख ६४ हजार ४९९ मेट्रिक टन उत्पादन भएको हो ।

सिरहामा ५४ हजार हेक्टर खेतीयोग्य जग्गामा धान रोपाइँ गरि एकोमा प्रतिहेक्टर ३.०१ प्रतिशतको हिसाबले १ लाख ६२ हजार ४२३ मेट्रिक टन उत्पादन भएको बताइएको छ। यस प्रदेशमा यसवर्ष सबैभन्दा कम रौतहटमा धान उत्पादन भएको मन्त्रालयले जनाएको छ । त्यहाँ ३८ हजार ७५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिएकोमा प्रतिहेक्टर ३.३३ प्रतिशतको हिसाबले १ लाख २८ हजार ९२५ मेट्रिक टन धान उत्पादन भएको छ ।

# औरही नगरपालिकामा पनि धान दिवस मनाइयो




**धर्वेन्द्रकुमार यादव यदवंशी**

**असार १५ गते,औरही, महोत्तरी**

महोत्तरीको औरही नगरपालिकाले असार १५ गते अर्थात धान दिवस मनाएको छ ।

शुक्रवार २० औं राष्ट्रिय धान दिवसको अवसरमा औरही नगर पालिकाले “जलबायु अनुकुलित कृषक मैत्री प्रबिधि ,धान उत्पादनमा वृद्धि“ भन्ने मूल नाराका साथ औरही नगरपालिका १ औरहीबाट बिजलपुरा सडकमा स्थित पानी ट्यांकी नजिक श्रवण चौधरीको खेतमा धान रोपी धान दिवस मनाएको हो ।

नगरपालिकाको कृषि शखाद्वारा नगर प्रमुख प्रदीपकुमार खड्काको अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा नगर उप प्रमुख रेणु झा लगायत सबै जनप्रतिनिधि,पूर्व जनप्रतिनिधि , बिभिन्न राजनिति दलका प्रतिनिधि , नगरपालिका कर्मचारी सहित किसानहरुको सहभागीतामा धान रोपेर दिवस मनाइएको हो ।

कार्यक्रममा बोल्दै नगरपालिकाका नगर प्रमुख खड्काले आगामी आर्थिक वर्षदेखि कृषि क्षेत्रलाई विशेष प्राथमकिता साथ नगर पालिकाले कृषि उत्पादन बढाउन विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउन लागेको जानकारी दिए ।

नगर प्रमुख खड्काले आउने वर्षमा किसानहरुलाई आधुनिक कृषि प्रणाली लगायत आधुनिक तरिकाले व्यवसायिक खेती गर्न बिभिन्न तालिकको व्यवस्थामा गर्ने आयोजना रहेको जानकारी दिए । उनले नगरपालिकामा भित्रको उत्पदानले नै पुग्ने गरि किसानहरुलाई विशेष प्याकेजको व्यवस्था गरेर बाहिरबाट खाधान्न किन्न न परोस हेतु आत्मनिर्भर बनाउने लक्ष्य राखेको बताए। औरही नगरपालिका १ औरही बस्ने ६० वर्षीय किसान भोरिल मण्डलले जनप्रतिनिधि , राजनीतिकर्मी र सहितको टिमले एक साथ धान रोपेको देखेर आज धेरै खुसी लागेको बताए ।

उनले कृषिलाई पहिलो प्राथमकितामा राखेर नगर पालिकाले सबै किसानहरको खेत खेतमा बिजुली र सिंचाईको ब्यबस्था मिलाउन माग गरे । खेतीपाती बाहेक अन्य पेसा र व्यवसायमा लागेकाले पन आजका दिन दही, चिउरा खाएर असार १५ लाई सांस्कृतिक पर्वका रूपमा मनाउने गरेका छन् ।

सरकारले २०६१ साल मङ्सरि २९ गते गरेको निर्णय अनुसार २०६२ साल असार १५ गतेदेख राष्ट्रिय धान दिवस मनाउन थालिएको हो ।

# धान दिवस : सभामुख मण्डल सहितकाले रोपे ५ कठ्ठा धान



**खबर दर्पण समाचारदाता**

**असार १५ गते, महेन्द्रनगर**

जनकपुरधाम मानो रोपेर मुरी फलाउने महिना अषाढ । अषाढ १५ अर्थात धान दिवस ! पछिल्ला वर्षहरुमा यस दिनलाई धान रोप्ने र हिलो खेल्ने दिवस कै रुपमा मनाउन थालिएको छ। यसपालिको असार १५ मा मधेश प्रदेशको बिभिन्न जिल्लाहरुमा संघसंस्था तथा सरकारी स्तरमा धान दिवसमा धेरै ठाउँमा धान रोपियो ।

मधेश प्रदेश स्थित अखिल नेपाल किसान महासंघ, धनुषाधाम नगर कमिटीद्वारा अयोजित धान रोपाई कार्यक्रममा मधेश प्रदेशका सभामुख मण्डलले खेतमा धान रोप्दै गरेको भेटिए । धनुषाको धनुषाधाम नगरपालिका ८ कुम्हरा टोल स्थित किसान महासंघले आयोजना गरेको कार्यक्रममा सभामुख मण्डल धान खेतमै परम्परागत शैलीमा धान रोप्दै गरेको भेटिए । मनसुनको आगमनसँगै कृषकहरु रोपाई गर्न ताजोपाँजो मिलाउने गर्छन् ।

असार भन्ने बित्तिकै कृषकहरुलाई खेतमा कुलो लगाउने पानी हुल्ने र रोपाईको चटारो हुन्छ । सभामुख मण्डलले भने, 'अषाढमा मानो रोपेर मंसिरमा मुरी फलाउँछन् चिन्तनामा हुन्छन कृषकहरु। असार लागेसंगै किसानहरु मानो रोप्ने चटारो छ ।' सभामुख मण्डलले कामको थकान महसुस हुन नदिन धान रोप्नेहरु असारे गित गाँउदै छुपुछुपु धान रोप्ने परम्परागत गीतहरु हराएपनि त्यसलाई अहिले जोगाउन आवश्यक रहेको बताए । सभामुख मण्डल सहित किसानहरुको समुहले करिब ५ कठ्ठा खेतमा धान रोपाई गरेको छ ।



बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

**गौशाला नगरपालिका कार्यालय**
महोत्तरी

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेश प्रदेशमा गोरखापत्रको अभिमुखिकरण कार्यक्रम सम्पन्न



**खबर दर्पण समाचारदाता**
**असार १५ गते, ढल्केवर**

मधेश प्रदेशमा कार्यरत गोरखापत्रका समाचारदाताको क्षमता विकास गर्ने उद्देश्यले सञ्चालित दुई दिने अभिमुखिकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा गोरखापत्र संस्थानको समन्वयमा धनुषाको लालगढमा भएको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो।

समापन कार्यक्रममा मधेश सरकारका पूर्व गृह तथा सञ्चार मन्त्री भरतप्रसाद साहले गौरवमय इतिहास बोकेको गोरखापत्रका समाचारदाताले देश विकासमा टेवा पुग्ने खालका समाचार सम्प्रेषण गर्नुपर्ने बताउनुभयो।

“अहिले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले गरेका सकारात्मक कामको चर्चा कम र नकारात्मक कामको चर्चा बढी भइरहेको छ। जसले गर्दा हाम्रो देश नेपाल असफल राष्ट्र बन्ने खतरा बढिरहेको छ। त्यसलाई रोक्नका निमित्त जसरी गोरखापत्र संस्थानले विगतमा समाज परिवर्तनका निम्ति खेलेका भूमिकालाई निरन्तरता दिनुपर्छ”, उहाँले भन्नुभयो।

उहाँले सत्य, तथ्या तथा मर्यादीत समाचार प्रकाशनको विश्वनीयता कायम राखेका गोरखापत्रका समाचारदाताले मधेश सरकारले गरेका राम्रा कामको समाचार सम्प्रेषण गर्नुपर्ने बताउँदै उहाँले जुनसुकै समाचार संस्था तथा पत्रकारले समाजमा भ्रम फैलाउने समाचार लेख्नु नहुने बताउनुभयो।

गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले सत्य, तथ्य तथा मर्यादित समाचारप्रतिको जनविश्वास कायम रहने बताउनुभयो।

कार्यकारी अध्यक्ष सुवेदीले भन्नुभयो, “गोरखापत्र समाज रुपान्तरणको प्रतिनिधित्व गर्दै आएको छ। नागरिकप्रतिको जवाफदेहितालाई प्राथमिकतामा राखेको छ। सभ्य समाज निर्माण युग बिताएको गोरखापत्रले विश्वसनीयता कायम राख्दै अगाडि बढ्नेछ।”

अध्यक्ष सुवेदीले सञ्चार क्षेत्रमा योगदान पुऱ्याएका आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो।

कार्यक्रममा गोरखापत्र दैनिकका प्रधान सम्पादक शिवकुमार भट्टराई, गोरखापत्र संस्थानका बोर्ड सदस्य सचिन पोखरेल, प्रशासन निर्देशक ओमप्रकाश भुसाल, आमसञ्चार प्राधिकरणका प्रमुख प्रशासकीय अधिकृत उपेन्द्रसिंह कुशवाहाको उपस्थिति थियो।

कार्यक्रममा मधेश प्रदेशमा कार्यरत गोरखापत्रका १८ जना समाचारदाताको सहभागिता थियो।

# गौशाला नगरपालिकाले ल्यायो ९० करोड भन्दा बढीको बजेट सार्वजनिक




**खबर दर्पण समाचारदाता**
**असार १५ गते, महोत्तरी**

महोत्तरी- गौशाला नगरपालिकाले आर्थिकबर्ष २०८०/०८१ को लागि ९० करोडभन्दा बढीको वजेट ल्याएको छ ।

निर्धारित कार्यतालिकाभन्दा ५ दिन विलम्ब गरि शुक्रवार गौशाला नगरपालिकाले आयोजना गरेको १० औं नगरसभाबाट ९० करोड ७६ लाख २० हजार रकम बराबरको अनुमानित वजेट सार्वजनिक गरेको हो ।

आर्थिकबर्ष २०८०/०८१ का लागि वार्षिक वजेट योजना तथा निती कार्यक्रम नगरपालिकाको तर्फबाट मेयर डा. दिपेन्द्र महतोले सार्वजानिक गरेका थिए ।

नगरप्रमुख डा. महतोले सार्वजानिक गरेको वजेटमा आन्तरिक स्रोत तर्फ १९ करोड ६६ लाख ७५ हजार, राजश्व बाँडफाँडतर्फ २० करोड २२ लाख १९ हजार, वितीय समानीकरण अनुदानबाट १७ करोड २६ हजार, सशर्त अनुदानबाट २८ करोड ९७ लाख, विशेष सम्पुरकबाट ४ करोड ९० लाख उल्लेख रहेको छ ।

जनता समाजवादी पार्टीका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवले स्थानियतहले अनिवार्य रुपमा शिक्षा र कृषिमा जोड दिए मधेश प्रदेशको समृद्धि सम्भवन रहने बताए । नगर सभालाई सम्बोधन गर्दै अध्यक्ष यादवले पालिकाले ल्याउने वार्षिक योजना तथा नितीमा शिक्षा र कृषिलाई पहिलो प्राथामिकतामा राख्नुपर्नेमा जोड दिए ।


बालबालिकाहरुलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

**मठिहानी नगरपालिका कार्यालय**
महोत्तरी


# वडा कार्यालयमा आगजानीको प्रयास

**खबर दर्पण समाचारदाता**
**असार १५ गते, महेन्द्रनगर**

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर-८ को वडा कार्यालयमा कसैले आगजनीको प्रयास गरेको छ ।

बिहीबार राति करिब १२ देखि २ बजेको बीचमा अज्ञात समूहद्वारा सीतानगर स्थित वडा कार्यालयको भवनको ढोकामा मोबिल छर्केर आगो लगाउने प्रयास गरिएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ । प्रहरीका अनुसार वडा कार्यालयको ढोकामा लगाइएको ताला समेत फोड्ने प्रयास भएको थियो । वडा कार्यालयमा ठुलो क्षति नपुगेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरले एकजनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।



# गुठीको जग्गामा भूमाफियाको...

कित्ता नम्बर ९५ को १ कठ्ठा १९ धुर १ कनमा मध्ये उत्तर पूर्वतर्फबाट १५ धुर जग्गा ०७३ चैत ६ गते भएको सम्झौताबमोजिम निर्माण गर्ने र द्वितीय पक्षले पाँच वर्षभित्र संग्रहालय निर्माण गरी प्रथम पक्षलाई हस्तान्तरण गर्ने सर्तमा मिथिला कला तथा संस्कृति संग्रहालय निर्माणका लागि प्रदान गरिएको थियो ।

त्यस्तै, जानकी मन्दिरको जनकपुरधाम-८ स्थित कित्ता नम्बर ५८ को सात कठ्ठा मध्ये पाँच कठ्ठा पाँच धुर १० वर्षका लागि राजर्षि जनक पतञ्जली योग साधना केन्द्रलाई, राम मन्दिरको जनकपुरधाम-४ स्थित आठ कठ्ठा दुई धुर २० वर्षका लागि राजर्षि जनक क्याम्पसलाई, जानकी मन्दिरको जनकपुरधाम-६ स्थित १४ कठ्ठा दुई धुर तीन कनमामध्ये दक्षिणतर्फबाट पाँच कठ्ठा १६ धुर १५ कनमा २५ वर्षका लागि राधामाधव समितिलाई ठेक्का दिइएको छ ।

**व्यक्ति विशेषलाई पनि ठेक्का**

गुठीका बिघौंबिघा जग्गा व्यक्ति विशेषलाई पनि ठेक्कामा दिइएको देखिन्छ । इटहर्वा मठको इटहर्वा-३ स्थित कित्ता नम्बर १६३ को सात बिघा १२ कठ्ठा १४ धुर ८ कनमा जग्गा १० वर्षका लागि सोही ठाउँ बस्ने कृष्णकुमार चौधरी, जानकी मन्दिरको जनकपुरधाम-११ स्थित कित्ता नम्बर २१ बाट १२ धुर १५ वर्षका लागि विश्वनाथ मिश्र भन्ने सियाराम दास, राम मन्दिर अधिनस्थ रहेको सखुवा, हरकरवा, हात्तीसार, जलाडी निकास बिर्ता, औराहा दिगम्बरपुरको विभिन्न कित्ताबाट १४८ बिघा जग्गा ०७३ कात्तिक ११ देखि लागू हुनेगरी ०८३ कातिक १० सम्मका लागि दिगम्बरपुर-२ बस्ने राजेश महतो र राम मन्दिर बिरख कुट्टी अधिनस्थ रहेको सुगामधुकरही, चक्कर, पौडेश्वर मौजाको विभिन्न कित्ताबाट १२७ बिघा १० कठ्ठा सात धुर ०७३ मंसिर ५ देखि लागू हुनेगरी ०८३ मंसिर ४ सम्मका लागि सुगानिकास-८ बस्ने वरुणप्रसाद मण्डललाई मनोमानी रूपमा ठेक्का लगाइएको पाइएको छ ।

त्यस्तै, सीता कुण्डको जनकपुरधाम-८ स्थित कित्ता नम्बर १२ को दुई बिघा दुई कठ्ठा १४ धुर ११ कनमा ०७६ असार २४ देखि लागू हुनेगरी पाँच वर्षका लागि दीपनारायण साहले सञ्चालन गरेको जनकपुर ड्राइभिङ प्रशिक्षण केन्द्र र सीताकुण्डकै जनकपुरधाम-८ स्थित कित्ता नम्बर ९ को १५ कठ्ठा दुई धुर तीन कनमा मध्येबाट १५ कठ्ठा जग्गा ०७६ असार २४ देखि लागू हुनेगरी पाँच वर्षका लागि मोहनप्रसाद यादवले सञ्चालन गरेको एपी कन्स्ट्रक्सनलाई लिजमा दिइएको देखिन्छ ।

५२ कुट्टी र ७२ कुण्डको नामले प्रख्यात जनकपुरधामका ऐतिहासिक एवं पौराणिक महत्वका सम्पदाहरुको अस्तित्व संकटमा पर्दै गइरहेको छ ।

भूमाफियाको संलग्नता र विभिन्न मन्दिरका महन्थको व्यक्तिगत स्वार्थका कारण यहाँका ऐतिहासिक सम्पदा दिन-प्रतिदिन अतिक्रमणको चपेटामा परिरहेका छन् । यस सहरभित्रका अमृत कुण्ड, जनक सरोवर, बलदेव सर, गोपाल सर, धोवियाही पोखरी, पापमोचनी सर, पयश्विनी सरजस्ता दर्जनौं पोखरीको अस्तित्व लोप भइसकेका छन् ।


जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**सबैला नगरपालिका,**
**सबैला, धनुषा**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा